# गैरआवासीय नेपाली संघको विधान २००३
## (२०१५ को संशोधन सहित)

गैरआवासीय नेपाली संघ,
टेकु, काठमाण्डौ ।

# गैरआवासीय नेपाली संघको विधान २००३
## (२०१५ को संशोधन सहित)

**प्रस्तावना**

नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भई आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभुत मानव अधिकार प्रति प्रतिबद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

## परिच्छेद - १

१. **संक्षिप्त नामः**

१.१ यस संघको नाम "गैरआवासीय नेपाली संघ" (यसपछि "संघ" भनिएको) हुनेछ ।

१.२ संघलाई अंग्रजीमा Non-Resident Nepali Association र छोटकरीमा NRNA भनिनेछ ।

२ यस संघको मूल मन्त्र **"नेपालीका लागि नेपाली"** हुनेछ ।

३ संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, लेटरहेड, सदस्यता परिचयपत्र र शपथको नमूना हुनेछ ।

४ संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

## परिच्छेद - २

५. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

५.१ "गैरआवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढि नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु बाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी वसोबास गर्ने नेपाली नागरिकलाई जनाउँदछ । यसै अनुच्छेदमा उल्लेखित "नेपाली मूलका विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साबिकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँदछ ।

५.२ "संघ" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

५.३ "अन्तर्राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

५.४ "राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

५.५ "सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।



नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं
Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

५.६ "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले संघको साधारण सभालाई जनाउनेछ ।

५.७ "विशेष महाधिवेशन" भन्नाले संघको विशेष महाधिवेशनलाई जनाउनेछ ।

५.८ "राष्ट्रिय महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद्को अधिवेशनलाई जनाउनेछ ।

५.९ "अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित सम्बन्धित राष्ट्रका क्षेत्रीय समन्वय परिषदहरुको अधिवेशनलाई जनाउनेछ ।

५.१० "सचिवालय" भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउनेछ ।

५.११ "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषाध्यक्ष, प्रवक्ता, महिला संयोजक, यूवा संयोजक, क्षेत्रीय संयोजकहरु र क्षेत्रीय उपसंयोजकहरुलाई सम्झनु पर्छ ।

५.१२ "अध्यक्ष" भन्नाले संघको अध्यक्षलाई जनाउनेछ ।

५.१३ "उपाध्यक्ष" भन्नाले संघको उपाध्यक्षलाई जनाउनेछ ।

५.१४ "महासचिव" भन्नाले संघको महासचिवलाई जनाउनेछ ।

५.१५ "सचिव" भन्नाले संघको सचिवलाई जनाउनेछ ।

५.१६ "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्षलाई जनाउनेछ ।

५.१७ "सहकोषाध्यक्ष" भन्नाले संघको सहकोषाध्यक्षलाई जनाउनेछ ।

५.१८ "प्रवक्ता" भन्नाले संघको प्रवक्तालाई जनाउनेछ ।

५.१९ "महिला संयोजक" भन्नाले संघको महिला संयोजकलाई जनाउनेछ ।

५.२० "युवा संयोजक" भन्नाले संघको युवा संयोजकलाई जनाउनेछ ।

५.२१ "क्षेत्रीय संयोजक" भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउनेछ ।

५.२२ "क्षेत्रीय उपसंयोजक" भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउनेछ ।

५.२३ "क्षेत्रीय महिला उपसंयोजक" भन्नाले संघको क्षेत्रीय महिला उपसंयोजकलाई जनाउनेछ ।

५.२४ "क्षेत्रीय युवा उपसंयोजक" भन्नाले संघको क्षेत्रीय युवा उपसंयोजकलाई जनाउनेछ ।

५.२५ "साधारण सदस्य" भन्नाले संघको साधारण सदस्यलाई जनाउनेछ ।

५.२६ "पञ्जिकृत सदस्य" भन्नाले संघको पञ्जिकृत सदस्यलाई जनाउनेछ ।

५.२७ "मानार्थ सदस्य" भन्नाले संघको मानार्थ सदस्यलाई जनाउनेछ ।

५.२८ "सम्वद्ध सदस्य" भन्नाले संघको सम्वद्ध सदस्यलाई जनाउनेछ ।

५.२९ "संरक्षक परिषद्" भन्नाले एकजना प्रमुख संरक्षक र संरक्षकहरु रहेको समितिलाई जनाउने छ ।

५.३० "सल्लाहकार" भन्नाले संघको सल्लाहकारलाई जनाउनेछ ।

५.३१ "अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्का काम कारवाहीहरुलाई छिटो छरितो रुपमा सम्पन्न गर्न अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष र संघको प्रवक्ता समेत रहेको समितिलाई जनाउनेछ र सोही समितिका पदाधिकारीहरुलाई कार्यकारिणी समितिका पदाधिकारीहरुका रुपमा बुझिने छ ।

५.३२ "छाप" भन्नाले संघको छापलाई जनाउनेछ ।

५.३३ "लेटरहेड" भन्नाले संघको लेटरहेडलाई जनाउनेछ ।

५.३४ "क्षेत्रीय सम्मेलन" भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउनेछ ।

५.३५ "विश्व सम्मेलन" भन्नाले संघको अन्तर्राष्ट्रिय महाअधिवेशनको मिति संगै मेल खाने गरी आयोजना हुने गैरआवासीय नेपालीहरुको विश्व सम्मेलनलाई जनाउनेछ ।

५.३६ "समिति" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले गठन गरेको समितिलाई जनाउनेछ।

५.३७ "कार्यदल"(Task Force) भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानको दफा १७क बमोजिम गठन गरेका कार्यदल (Task Force) लाई जनाउनेछ ।

५.३८ "दर्ता शुल्क" भन्नाले विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय महाधिवेशन वा क्षेत्रीय सम्मेलनमा भाग लिन नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउनेछ।

५.३९ "एकवचन" शव्दले बहुवचन र बहुवचन शव्दले एकवचनलाई समेत जनाउनेछ ।

५.४० "पुलिङ्ग" शव्दले स्त्रीलिङ्ग समेतलाई जनाउनेछ ।

५.४१ "व्यक्ति" शव्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउनेछ।

५.४२ "युवा" भन्नाले अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई जनाउनेछ ।

५.४३ "एक कार्यकाल" भन्नाले राष्ट्रिय समन्वय परिषद् र अन्तर्राष्ट्रिय समन्वय परिषद्को हकमा परिषद्को क्रमिक दुई महाधिवेशन बिचको अवधिलाई जनाउनेछ भने व्यक्तिको हकमा परिषद्को कुनै पदमा कम्तिमा एक वर्ष काम गरेको अवधिलाई जनाउनेछ ।

## परिच्छेद - ३

६ **उदेश्यहरु** : विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको हितलाई प्रवर्द्धन गर्ने र नेपालको हितमा उनीहरुको योगदान गर्न परिचालन गर्ने एक गैर नाफामुलक सामाजिक संस्थाको रुपमा कार्य गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ। यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ :

६.१ विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने ।

६.२ संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने ।

६.३ गैरआवासीय नेपालीको पूंजी र मानव संसाधनको लगानी, नेपालको चौतर्फी बिकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको बिकास गर्ने ।

६.४ विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।

६.५ विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

६.६ गैरआवासीय नेपालीहरु बसोबास गरी रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व, सुरक्षित वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशिल रहने ।

## परिच्छेद - ४

७ **सदस्यता** : कानून बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहनेगरी विधानको अनुसुची ५ बमोजिमको सदस्यता परिचयपत्र प्रदान गर्न सकिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन्:

७.१ **साधारण सदस्य** : दुई वर्ष भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु बाहेकका अन्य देशहरुमा नेपाल सरकारबाट खटीइ विदेशस्थित नेपाली नियोगमा बहाल रहेको र विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक पेशा, रोजगारी वा व्यवसाय गरी बसोबास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२ **पञ्जिकृत सदस्य** : यस विधानमा तोकिए बमोजिम राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद् गठन भई नसकेका राष्ट्रमा अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् । राष्ट्रिय समन्वय परिषद् गठन नभएका देशका पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने छन् तर यस्ता सदस्यहरुको निर्वाचनमा मताधिकार हुनेछैन् ।

७.३ **सम्बद्ध सदस्य** : नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्बद्ध सदस्य हुनेछ ।

७.४ **मानार्थ सदस्य** : गैरआवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ ।

८. **सदस्यताको लागि योग्यता** : देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन्:

८.१ १८ वर्ष उमेर पुरा भएको ।
८.२ यस विधानको दफा ५ को उपदफा ५.१ को परिभाषा बमोजिम गैरआवासीय नेपाली हुने योग्यता पुरा गरेको ।

९. **सदस्यता शुल्क र सदस्यको विवरण** :

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । सम्बद्ध र मानार्थ सदस्यता अन्तर्राष्ट्रिय समन्वय परिषद्ले प्रदान गर्नेछ । राष्ट्रिय समन्वय परिषद्ले सम्बद्ध र मानार्थ सदस्यताकोलागि अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सिफारिस गर्नसक्नेछ । संस्थालाई सम्बद्धता प्रदान गर्ने कार्यविधी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तयार गर्नेछ ।
९.२ पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिम हुनेछ । पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा जम्मा गरिनेछ ।
९.३ राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकिएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ ।
९.४ राष्ट्रिय समन्वय परिषद्ले यसका सदस्यहरुको विवरण र तोकेको पंजिकृत सदस्यता शुल्क तोकिएको मिति भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ ।
९.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :**

१०.१ प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

१०.२ यस विधान र राष्ट्रिय समन्वय परिषद्को विधान सहित संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरुलाई प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

१०.३ पञ्जिकृत सदस्यहरुलाई सम्बन्धित राष्ट्रिय महाधिवेशनमा भाग लिने, राष्ट्रिय समन्वय परिषदको विधानको दायरामा रही निर्वाचित हुने पदमा उम्मेदवार हुने वा मतदान गर्न पाउने तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधि चुनिनका लागि उम्मेदवार बन्ने हक हुनेछ । साधारण सदस्यले सम्बन्धित राष्ट्रिय महाधिवेशनमा वा संघको कुनै पनि तहको अधिवेशनमा मताधिकार सहित भाग लिन पञ्जिकृत सदस्यता लिनु पर्नेछ ।

१०.४ मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

१०.५ देहायको अवस्थामा गैरआवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ :

१०.५.१ संघको विधानको दफा ५ को उपदफा ५.१ अनुसार गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा,

१०.५.२ सदस्यको मृत्यु भएमा,

१०.५.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषद्ले गरेको कारबाही अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सदर गरेमा,

१०.५.४ कुनै पनि पञ्जिकृत सदस्यले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषद्ले तोकेको मितिबाट निजको संघको पञ्जिकृत सदस्यता अन्त्य हुनेछ ।

## परिच्छेद - ५

११. **विश्व सम्मेलन :** अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मिति सगै मेल खाने गरी दुई वर्षमा एक पटक आयोजना गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ ।

१२. **क्षेत्रीय सम्मेलन :** कुनै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैरआवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ । क्षेत्रीय सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक विश्व सम्मेलन सम्पन्न नभएको वर्ष आयोजना गरिनेछ ।

१३. **अन्तर्राष्ट्रिय महाधिवेशन :** अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद बाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु तथा सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

परिषदले तोके बमोजिमका पर्यवेक्षकहरु, मानार्थ र सम्वद्ध सदस्यहरुले भागलिन पाउने छन्। तर पर्यवेक्षक, मानार्थ र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन।

१३.१ अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ। संघको अन्तर्राष्ट्रिय महाधिवेशन (साधारण सभा) कम्तीमा दुई वर्षमा एक पटक बस्नेछ।

१३.२ अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ। तर यो अवधि ६ महिना भन्दा बढी हुनेछैन।

१३.३ अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा तीन महिना अगावै गरिनु पर्नेछ।

१३.४ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको समयभित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ। यसरी दर्ता गरिएता पनि यसै विधानको दफा १३.७ बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि चुनिनु पर्नेछ र महाधिवेशन दर्ता शुल्क तिरेको हुनु पर्नेछ।

१३.५ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनका लागि राष्ट्रिय समन्वय परिषदले जारी गरेको दर्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ।

१३.६ बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्यहरुलाई मतदान अधिकार सहित संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ। तर यस्ता पदाधिकारीहरुको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्नेछ।

१३.७ अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ। एक हजार सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक दश जना पञ्जिकृत सदस्य बराबर एक जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्नेछ। एक हजार भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२०:१ संख्याको अनुपातमा (अनुसूची ६ मा दिइए बमोजिम) थप प्रतिनिधिहरु चयन गर्ने छ।

१४. **अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यहरु** : अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यहरु देहाय बमोजिम हुने छ :

१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्वाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने।

१४.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्ने।

१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने।

१४.४ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने।

१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने।

१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने।

१४.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु, द्वय-वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने।

१५. **संघको विशेष महाधिवेशन** : अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन्। विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको तीन महिनाभित्र विशेष



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार तीन उपाध्यक्ष मध्ये एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा दफा १३.७ बमोजिमका प्रतिनिधिहरुलाइ भाग लिने हक हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण वहुमत सदस्यहरुले विशेष महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

## परिच्छेद - ६

१६. **संरक्षक परिषद्** : गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्मा रही योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही निरन्तर गैरआवासीय नेपाली संघ र गैरआबासीय नेपालीहरुको हितका लागि योगदान गर्न र गैरआबासीय नेपाली संघको बिश्वव्यापी स्वरुपलाई मजबुत पार्दै गैरआबासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमुख संरक्षक सहित बढिमा पाँच जना संरक्षक रहेको संरक्षक परिषद्को व्यवस्था हुनेछ । संरक्षक परिषद सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले दुई बर्षका लागि गर्नेछ ।

१६.१ **संरक्षक परिषद्को अधिकार :**

१६.१.१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

१६.१.२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

१६.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

१६.१.४अन्तर्राष्ट्रिय समन्वय परिषद् निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भइ संस्था बिभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्को अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।

१६.२. **संरक्षक परिषद्को काम कर्तव्य :**

१६.२.१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

१६.२.२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।

१६.२.३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा बिबिध बिषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने ।

१६.२.४ संघले तोकेका अन्य कामहरु गर्ने ।

१७. **अन्तर्राष्ट्रिय समन्वय परिषद् :**

१७.१. अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तर्राष्ट्रिय समन्वय परिषद् नामक एक कार्यकारी अंग हुनेछ ।

१७.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्मा निम्न पदहरु हुने छन् :

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | २ |
| महिला उपाध्यक्ष | - | १ |
| महासचिव | - | १ |
| सचिव | - | २ (दुई सचिवहरुको कार्य क्षेत्र छुट्याइने) |
| कोषाध्यक्ष | - | १ |

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

सहकोषाध्यक्ष - १

विधानको दफा १७.१० बमोजिम

मनोनित प्रवक्ता - १

महिला संयोजक - १

युवा संयोजक - १

क्षेत्रिय संयोजक - ६

क्षेत्रिय उपसंयोजक - ६ (कम्तिमा)

क्षेत्रिय महिला उपसंयोजक - ६

क्षेत्रिय युवा उपसंयोजक - ६

प्रत्येक देशका राष्ट्रिय महाधिवेशनवाट निर्वाचित सदस्यहरु ।

विधानको दफा २२.१४.१ बमोजिम

मनोनित सदस्यहरु - २१

एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रवाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । दश वा सो भन्दा बढी राष्ट्रिय समन्वय परिषद् भएको क्षेत्रमा थप एक जना क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमवद्धता अनुसार हुनेछ । क्षेत्रिय युवा उपसंयोजक र क्षेत्रिय महिला उपसंयोजकको हैसियत अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य सरह हुनेछ ।

१७.३ राष्ट्रिय समन्वय परिषद् गठन भइ सकेका मुलुकवाट पञ्जिकृत सदस्य संख्या निम्नतम् दश देखि एक हजार सम्ममा एक जना र सो भन्दा बढि पांच हजार सम्म पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर एक जना (१००० : १ को अनुपात) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्वन्धित राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय महाधिवेशनवाट निर्वाचित हुनेछन् ।

पांच हजार भन्दा बढी पञ्जिकृत सदस्य भएमा पञ्जिकृत सदस्य र अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य संख्याको अनुपात क्रमिक रुपमा २००० : १, ३००० : १, ४००० : १ को संख्याले (अनुसुची ७ मा दिईए बमोजिम) थप हुने गरी सदस्यहरु निर्वाचित हुनेछन् ।

१७.४ विधानको दफा १७.३ बमोजिम कुनै राष्ट्रवाट अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि दुई वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येवाट एक जना सदस्यलाई सम्वन्धित राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्न, अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषद्मा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषदका नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषदमा प्रवाह गर्न राष्ट्रिय महाधिवेशनले तोक्ने छ । बांकी अन्य अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि निर्वाचित सदस्यहरुका हकमा भने यसैमा उल्लेख गरिएका काम बाहेकका सम्पूर्ण जिम्मेवारी निर्बाह गर्नु पर्नेछ ।

१७.५ **अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता र हैसियत** : अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, पदाधिकारी र सदस्य पदमा उम्मेदवार बन्नका लागी दफा ५ को उपदफा ५.१ अनुसारको गैरआवासीय नेपालीको हैसियत कायम भएको हुनु पर्नेछ । उम्मेदवार बन्न वा निर्वाचनमा मताधिकारका लागि दफा १३.७ अनुसार राष्ट्रिय समन्वय परिषद्बाट प्रतिनिधि छानिएको हुनु पर्नेछ । प्रतिनिधि हुनको लागि निज सम्बन्धित देशमा बसोबास गरी संघको विधान अनुसार पंजिकृत सदस्य लिएको हुनु पर्नेछ । कुनै पदमा निर्वाचित भईसके पछी गैरआवासीय नेपालीको हैसियत प्रमाणित नभएमा निजको पद स्वत: खारेज हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सम्बन्धित राष्ट्रिय समन्वय परिषद्बाट सो देशमा विधानको दफा ५ को उपदफा ५.१ मा उल्लेखित भए बमोजिम दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ । पेश नगरेमा निजको उम्मेदवारी स्वत: रद्द हुनेछ ।

१७.५.१ अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्य काल पुरा गरेको हुनु पर्नेछ ।

१७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ ।

१७.५.३ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । दफा २२.१४.१ अनुसार मनोनीत सदस्यहरुको हकमा भने यो दफा लागु हुने छैन ।

१७.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई यस विधानको अधीनमा रही आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषद्को गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (Recognize) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ ।

१७.७.१. स्थानीय कानूनले बर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि बढ्न अस्वीकार गरेमा ।

१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्देशनहरु पालना नगरेमा ।

१७.७.३ तदर्थ समिति गठन भएको बढीमा एक वर्ष भित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा ।

१७.८. आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ ।

१७.९. गैरआवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई निजको दक्षताको क्षेत्र किटान गरी अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सल्लाहकारको रुपमा नियुक्त गर्नसक्नेछ । सल्लाहकारको संख्या बढीमा ११ जनाको हुनेछ ।

१७.१०. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघका चालू काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण तथा धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता नियुक्ति गर्न सक्नेछ ।

१७.११. अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको राष्ट्रिय समन्वय परिषद, सचिवालय, विभागहरु वा अन्य स्थापित निकायहरु एवं राष्ट्रिय समन्वय परिषद्को क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ । तर राष्ट्रिय समन्वय परिषदलाई आफूले प्रतिनिधित्व गरेको देशसंग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पुनर्विचारको लागि आग्रह गर्ने अधिकार हुनेछ ।

१७.१२. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ । तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन ।

१७.१३. अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ ।

१७.१४ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि दुई वर्षको हुनेछ ।

१७.१५ अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको उद्देश्यमा टेवा पुर्‍याउनको लागि सहयोग गर्ने अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग सहकार्य गर्ने तथा यस्तो सहयोगको लागि सम्झौता गर्न सक्नेछ ।

१८. **अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक :**

१८.१. अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ । बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइबर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ ।

१८.२. संघको पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन् ।

१८.३ बैठकमा प्रत्येक राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरुले पर्यवेक्षकको रुपमा भाग लिन पाउनेछन् ।

१९. **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय :**

१९.१. अन्तर्राष्ट्रिय समन्वय परिषद्का कामहरुलाई छिटो छरितो गरी सम्पन्न गर्न संघको एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

१९.२. अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष र संघको प्रवक्ता रहनेछन् ।

१९.३. तत्काल अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठक बस्न संभव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको बिषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ ।

२०. **सचिवालय :**

२०.१. संघको दैनिक कार्यहरु सञ्चालन गर्न संघको सचिवायलय नेपालको काठमाण्डौमा रहने छ ।

२०.२. सचिबालयमा एकजना कार्यकारी निर्देशक, एकजना सञ्चार तथा प्रकाशन अधिकृत, एकजना लेखा अधिकृत र संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले नियुक्ती गरेका अन्य कर्मचारीहरु रहने छन् ।

२०.३. संघको सचिवालय अन्तर्राष्ट्रिय समन्वय परिषदको नीति तथा निर्देशन अनुरुप चल्नेछ ।

२०.४. कार्यकारी निर्देशकले अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिन सक्ने छ । तर उसलाई मताधिकार हुने छैन ।

२०.५ संघको अध्यक्षले आफूले गर्नुपर्ने वा कार्यसमितिको तर्फबाट गर्नु पर्ने प्रशासकीय कामको केही जिम्मेवारी कार्यकारी निर्देशकलाई सुम्पिन सक्नेछ ।

२१. **निर्बाचन कार्यविधि :**

२१.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्वाचन हुनु भन्दा कम्तिमा तीन महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा सातजना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्ने छ । निर्वाचनको कार्य सम्पादन "निर्वाचन सम्बन्धि नियमावली" मा उल्लेख भए बमोजिम हुनेछ ।

२१.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचन महाधिवेशनमा उपस्थित सम्पूर्ण अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट हुने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले निर्वाचित गर्ने छ । क्षेत्रीय संयोजक, क्षेत्रीय उपसंयोजक, क्षेत्रीय महिला उपसंयोजक र क्षेत्रीय युवा उपसंयोजकहरुको निर्वाचन सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ ।

२१.३. संघको अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार दुई पदावधि भन्दा वढी पदावधिको लागि पुनः निर्वाचित हुन योग्य हुनेछैन ।

२१.४. अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अर्को बाँकी कार्य अवधिका लागि पदपूर्ति गर्न सक्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम हुनेछ ।

२१.५. संघको विधानको दफा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा तीन जना उपाध्यक्ष मध्येबाट हुनेछ ।

२१.६. कुनै एक व्यक्तिले एक समयमा राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को एक पद मात्र ग्रहण गर्न सक्ने छ । कुनै पदमा बहालवाला व्यक्तिले राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को अर्को कुनै पदमा उम्मेदवारी दिएमा निजको बहाल रहेको पद स्वतः रिक्त हुनेछ ।

२२. **अन्तर्राष्ट्रिय परिषद्का पदाधिकारीहरु र सदस्यहरुको काम कर्तव्य र अधिकारहरु :**

२२.१. **अध्यक्ष :**

२२.१.१. संघको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने ।

२२.१.२. अन्तर्राष्ट्रिय समन्वय परिषद, विश्व सम्मेलन र महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

२२.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक बिभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने ।

२२.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य काम कर्तव्यहरु पूरा गर्ने ।

२२.१.५ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने ।

२२.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरुको जिम्मेवारी तोक्ने ।

२२.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्वन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिबिधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

२२.१.८ संघको तर्फवाट विभिन्न संस्थाहरुसंग गरिने सम्झौतामा हस्ताक्षर गर्ने ।

२२.१.९ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.२. **उपाध्यक्ष** : तीन उपाध्यक्षहरु मध्ये एक उपाध्यक्षले नेपाल सरकार र संघ बीच समन्वयका विषयहरु हेर्ने, अर्कोले वैदेशिक रोजगारको विषय हेर्ने र बाँकीले परोपकारको विषय हेर्नेछ । उपाध्यक्षहरुको जिम्मेवारी अध्यक्षले तोक्नेछ ।

२२.२.१ संघको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

२२.२.२ अध्यक्षको अनुपस्थितीमा अध्यक्ष वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.२.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य काम कर्तव्यहरु पुरा गर्ने ।

२२.२.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.३. **महासचिव** :

२२.३.१ संघ र अन्तर्राष्ट्रिय समन्वय परिषद्को सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

२२.३.२ अन्तर्राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुको सञ्चालन गर्ने र वैठकका निर्णयहरुको अभिलेख राख्ने ।

२२.३.३ संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषद्हरुलाई पत्राचार गर्ने ।

२२.३.४ महासचिवको सांगठनिक प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदमा छलफलका लागि पठाउने ।

२२.३.५ संघ वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.३.६ संघका सचिवालयका कर्मचारीहरुको कार्य अनुगमन गर्ने ।

२२.३.७ राष्ट्रिय समन्वय परिषदहरु र अन्तर्राष्ट्रिय समन्वय परिषद् अन्तर्गत वन्ने समिति, कार्यदलहरु विच समन्वय गर्ने ।

२२.३.८ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.४. **सचिव** : सचिवहरुको कार्य विभाजन अध्यक्षको परामर्शमा महासचिवले गर्नेछ ।

२२.४.१ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने ।

२२.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.४.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.५. **कोषाध्यक्ष** :

२२.५.१ संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

२२.५.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा एवं लगानी गर्ने ।

२२.५.३ संघको विविध कोष अभिवृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

२२.५.४ अन्तर्राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनकालागि श्रोत साधनको परिचालन सम्वन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

२२.५.५ अन्तर्राष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तर्राष्ट्रिय समन्वय परिषद्का बैठकहरुमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरि प्रस्तुत गर्ने ।

२२.५.६ राष्ट्रिय समन्वय परिषद्को कोष व्यवस्थापन र अभिलेख रखाईमा अन्तर्राष्ट्रिय समन्वय परिषद् संग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने ।

२२.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यकता अनुसार नीति निर्देशन गर्ने, आवश्यकता बमोजिम मासिक प्रतिवेदन, बार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं दफा २७ बमोजिम नियुक्त लेखापरीक्षक द्वारा लेखापरीक्षण गराउने ।

२२.५.८ अर्ध बार्षिक विवरण सम्पूर्ण अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी, सदस्यहरु तथा राष्ट्रिय समन्वय परिषद्हरुलाई उपलब्ध गराउने ।

२२.५.९ अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषद्हरुमा पठाउने ।

२२.५.१० अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.५.११ **सह-कोषाध्यक्ष :**

क। आवश्यकता अनुसार कोषाध्यक्षलाई सहयोग गर्ने ।

ख। कोषाध्यक्षको अनुपस्थितिमा निजले तोके बमोजिमका कोष सम्वन्धि कार्यहरु गर्ने ।

ग। अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.६ **प्रवक्ता :**

२२.६.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्को काम कारवाहीका सम्वन्धमा संघको दृष्टिकोण सार्वजनिक गर्ने ।

२२.६.२ अन्तर्राष्ट्रिय समन्वय परिषद् र सञ्चार माध्यम बीच समन्वय गर्ने ।

२२.६.३ संघको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

२२.६.४ संघको अध्यक्ष वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.६.५ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.७ **महिला संयोजक :**

२२.७.१ विश्व भरिका गैरआवासीय महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.७.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित महिला संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, महिलाहरु संग सम्वन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.७.३ राष्ट्रिय समन्वय परिषद्को मातहतमा रही सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का महिला संयोजकको अगुवाईमा बिभिन्न मुलुकहरुमा गैरआवासीय नेपाली महिलाको साझा सञ्जाल स्थापना गर्न सहयोग गर्ने ।

२२.७.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.७.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु बिभिन्न राष्ट्रिय समन्वय परिषद् मातहत गठित महिला सञ्जालमा कार्यान्वयन गराउने ।

२२.७.६ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.७.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.८ **युवा संयोजक :**

२२.८.१ विश्व भरिका गैरआवासीय युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.८.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित युवा संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, युवासंग सम्वन्धित बिभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.८.३ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, आइसिसि समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.८.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सम्वन्धित क्षेत्रमा कार्यान्वयन गराउने ।

२२.८.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.८.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.९ **क्षेत्रीय संयोजक :**

२२.९.१ विधानको दफा १७.२ वमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्वन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।

२२.९.२ सम्वन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु सम्वन्धित मुलुकवाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुवाट जानकारी लिने ।

२२.९.३ आवश्यकता अनुसार क्षेत्रीय बैठक बोलाउने । त्यस्ता बैठकहरुको अध्यक्षता गर्ने ।

२२.९.४ सम्वन्धित क्षेत्रको गतिविधिहरुको अर्ध वार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने ।

२२.९.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्वन्धित सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२२.९.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकवाट पारित गरिनु पर्ने बिभिन्न विषयसंग सम्वन्धित प्रस्तावहरु पेश गर्ने ।

२२.९.७ सम्वन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषद्हरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषद्हरु बीच संयोजन गर्ने ।

२२.९.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१०. **क्षेत्रीय उपसंयोजक :**

२२.१०.१ आवश्यकता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२२.१०.२ संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१०.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.११ **क्षेत्रीय महिला उपसंयोजक:**

२२.११.१ आवश्यकता बमोजिम महिला संयोजकलाई सहयोग गर्ने ।

२२.११.२ महिला संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.११.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.११.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१२ **क्षेत्रीय यूवा उपसंयोजक :**

२२.१२.१ आवश्यकता बमोजिम यूवा संयोजकलाई सहयोग गर्ने ।

२२.१२.२ यूवा संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.१२.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१३. **सदस्य :**

२२.१३.१ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यले आफूले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषद्को प्रतिनिधित्व गर्ने ।

२२.१३.२ राष्ट्रिय समन्वय परिषद्बाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्ध बार्षिक कार्य विवरण पेश गर्ने ।

२२.१३.३. सम्बन्धित क्षेत्रीय संयोजको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२२.१३.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२२.१३.५ राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।

२२.१३.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा भाग लिने ।

२२.१३.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२२.१३.८ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेको विनियम र आचारसंहिताको पालना गर्ने ।

२२.१४ **मनोनीत सदस्य :**

२२.१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले कम्तीमा सात जना महिला प्रतिनिधि सहित बढीमा एक्काईस जना सम्म मनोनीत सदस्यहरु निश्चित समयावधिको लागि मनोनीत गर्न सक्नेछ । यी सदस्यहरुको पदावधि परिषद्को पदावधि समाप्त भए पछि स्वत: समाप्त हुनेछ ।

२२.१४.२ विधानको दफा २२.१३ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रही योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनीत अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका जिम्मेवारीहरु पूरा गर्ने ।



नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं
Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

परिच्छेद - ७

२३. राष्ट्रिय समन्वय परिषद् :

२३.१ घटीमा दश जना गैरआवासीय नेपालीहरु बसोबास गरेको देशमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको नियमावली अनुसार राष्ट्रिय समन्वय परिषद्को स्थापना गर्न सकिने छ।

२३.२ यो विधानको बृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषद्को दर्ता गरिनेछ।

२३.३ राष्ट्रिय समन्वय परिषद्को ढांचा देहाय बमोजिमको हुनु पर्नेछ :

अध्यक्ष
उपाध्यक्ष
महासचिव
सचिव
कोषाध्यक्ष
सहकोषाध्यक्ष
प्रवक्ता
महिला प्रतिनिधि
युवा प्रतिनिधि
निर्वाचित सदस्यहरु
मनोनित सदस्यहरु

२३.४ सम्बन्धित राष्ट्रिय समन्वय परिषद भएको मुलुकको भू-राजनैतिक अवस्था तथा आवश्यकता अनुसार पदाधिकारी तथा सदस्यहरुको संख्या राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गर्ने छ। राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको सदस्य संख्या मध्ये आवश्यकता अनुसार मनोनीत सदस्यहरुको संख्या तोक्न सक्नेछ। मनोनित सदस्यहरुको संख्या निर्वाचित सदस्य संख्याको बढीमा एक चौथाई रहने छ। राष्ट्रिय समन्वय परिषद सदस्यहरुबाट एक महिला र एक युवा प्रतिनिधी अनिवार्य रुपमा छनोट गर्नु पर्नेछ। यस्ता प्रतिनिधी सदस्यहरुको हैसियत राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सरह हुनेछ। राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी भन्नाले सदस्य बाहेकका माथि उल्लेखित पदहरुलाइ बुझिने छ।

२३.५ यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसंग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषद्ले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ।

२३.६ यो विधानका दफाहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्संग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकता अनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषद्को क्रियाकलापमा लागू हुनेछन्।

२३.७ राष्ट्रिय समन्वय परिषद्को लेटरहेड, सपथ, कार्यालयको छाप, सदस्यको परिचय पत्र र प्रतिक चिन्ह यस विधानको अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

२३.८ राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषद्को विधान संघको विधानसंग बाझिएमा संघको यो विधान बमोजिम हुनेछ।

२३.९ राष्ट्रिय समन्वय परिषद्को पदावधि २ वर्षको हुनेछ।



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

२३.१० राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको नियमावली र आचारसंहिता अनुसार सम्पन्न हुनु पर्नेछ ।

२३.११ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनु पर्नेछ । तर कम्तिमा ३ कार्यकाल पुरा नगरेका राष्ट्रिय समन्वय परिषद्को हकमा यस्तो योग्यताको आवश्यकता पर्ने छैन् ।

२३.१२ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार दुई पदावधि भन्दा बढी पदावधिको लागि पुन: निर्वाचित हुन योग्य हुने छैन् ।

२४. **राष्ट्रिय महाधिवेशन :**

२४.१. प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति भन्दा बढीमा ६ महिना र कम्तिमा एक महिना बाँकी रहने गरी राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ ।

२४.२ राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

२४.३ संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ ।

२४.४ राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुने गरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ ।

२५. **राष्ट्रिय समन्वय परिषद्को अधिकार र कर्तव्य :**

२५.१ राष्ट्रिय समन्वय परिषद्ले संघको पञ्जिकृत सदस्यता सम्बन्धित मुलुक भित्रका गैरआवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ ।

२५.२ राष्ट्रिय समन्वय परिषद्लाई संघको विधानको बृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ ।

२५.३ राष्ट्रिय समन्वय परिषद्लाई संघको भावना विपरीत कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषद्को विधानको उल्लंघन गर्ने सम्बन्धित राष्ट्रिय समन्वय परिषद्मा पञ्जिकृत कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ । यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाईको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद्को निर्णय उपर निर्णय भएको मितिले तीस दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अन्तिम हुनेछ ।

२५.४ राष्ट्रिय समन्वय परिषद्ले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

२५.५ राष्ट्रिय समन्वय परिषद्लाई राष्ट्रिय अधिवेशनका लागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ ।

२५.६ राष्ट्रिय समन्वय परिषद्ले पञ्जिकृत सदस्यहरुको विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको मिति भित्र संघको सचिवालयमा पठाउनु पर्नेछ ।



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

२५.७ राष्ट्रिय समन्वय परिषदले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनेका लागि दर्ता भएका पन्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ ।

## परिच्छेद - ८

२६. **संघका कोषहरु :**

२६.१ संघको कोषमा पन्जिकृत सदस्यता शुल्क, बिभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान, राष्ट्रिय समन्वय परिषद्बाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलाप मार्फत प्राप्त हुने रकमहरु सामेल हुनेछन् ।

२६.२ संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तर्राष्ट्रिय समन्वय परिषद्को निगरानिमा गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ ।

२६.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा अध्यक्ष र कोषाध्यक्षले मनोनित गरेका आ-आफ्ना प्रतिनिधिहरु दुई जनाको हस्ताक्षर बाट सन्चालन हुनेछ । अध्यक्ष वा कोषाध्यक्ष आफ्ना प्रतिनिधिहरुले गरेका सम्पूर्ण कामका लागि जिम्मेबार हुनेछन् ।

२६.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ ।

२६.४.१ **साधारण कोष**: अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सम्पूर्ण खर्च पूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ । यस कोष अन्तर्गत पन्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद् वा राष्ट्रिय समन्वय परिषद्ले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन् ।

२६.४.२ **सामाजिक कल्याण कोष**: अन्तर्राष्ट्रिय समन्वय परिषद्ले बिशेष प्रकारका मानवीय कल्याणका परियोजना सन्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ । कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ ।

२६.४.३ **अन्य कोषहरु**: संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ ।

२७. **संघको लेखा र लेखा परीक्षण:** संघको आय व्ययको बिवरण नेपाल सरकारले अपनाएको लेखा प्रणली बमोजिम राखिने छ । यो दफाको प्रयोजनकालागि संघको लेखाको लेखापरीक्षण संघको साधारण सभाले नियुक्त गरेको इजाजत प्राप्त लेखपरीक्षकबाट गरिनेछ । संघको लेखापरीक्षकको नियुक्ति तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ । लेखापरीक्षण भए पश्चात लेखापरीक्षकले प्रत्येक बर्ष संघको लेखाको लेखापरीक्षण गरिदिएको प्रतिवेदन संघले एक प्रति परराष्ट्र मन्त्रालयमा पेश गर्ने छ ।

संघको लेखा तथा काम कारवाहीको सम्बन्धमा परराष्ट्र मन्त्रालयले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा संघको काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा परराष्ट्र मन्त्रालयले आवश्यक निर्देशन दिनसक्ने छ। सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ।

२८. **बैंक खाता:** संघको बैंक खाता संघको नाउँमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सञ्चालन गर्नेछ। खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको दफा २६.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारी वा निजहरुले तोकिएको दुइ जना व्यक्तिबाट सही गरिनेछ।

## परिच्छेद-९

२९. **विधानको संशोधन :**

२९.१. यस विधानको कुनै पनि दफा, उपदफाको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव पेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक समितिको गठन गर्न सक्ने छ। यस्तो अवस्था नरहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी सदस्यहरु मध्ये पच्चिस प्रतिशतले संशोधनको प्रस्ताव पेश गर्न सक्ने छन्। यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद् मार्फत महाधिवेशनमा पेश गरिने छ र महाधिवेशनमा उपस्थित दुई तिहाई बहुमत बाट पारित गर्न सकिने छ।

२९.२. विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

३०. **निष्काशन:** अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजीनामा दिन लगाइनेछ। यदि सो व्यक्तिले राजीनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ। यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ। यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ।

३१. **विधानको व्याख्या:** यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय परिषद्बाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ। अन्तर्राष्ट्रिय परिषद्ले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ। विधान सम्बन्धी समितिले गरेको व्याख्या अन्तिम मानिनेछ।

३२. **अन्य संघ संस्थाहरुसंगको सहकारिता:** संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसंग समन्वय गर्न सक्नेछ।

३३. **अन्तर्राष्ट्रिय समन्वय परिषद्को विघटन:** सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन हुनेछ। अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन भएको मितिले बढिमा तीन महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्पन्न गर्नु पर्नेछ।

३४. **संघको खारेजी:** विश्वभरका कुल राष्ट्रिय समन्वय परिषद्हरु मध्ये पचहत्तर प्रतिशत राष्ट्रिय समन्वय परिषद्हरुको राष्ट्रिय महाधिवेशनहरुमा राष्ट्रिय समन्वय परिषद्हरुका सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको विघटन प्रस्ताव पारित गर्ने निर्णय गरेमा वा विधान बमोजिम संघले कार्य संचालन गर्न



नेपाल सरकार परराष्ट्र मन्त्रालय काठमाडौं

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

नसकेमा संघको विघटन हुनेछ । उपरोक्त कुनै कारणले संघ विघटन भएमा संघको सम्पत्ती नेपाल सरकारको स्वामित्वमा सर्ने छ र उक्त सम्पत्तीले धामेसम्मको संघको दायित्व नेपाल सरकारले व्यहोर्ने छ । संघ विघटनको यस्तो निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अनुमोदन गरेको मितिले ६ महिना पछि लागु हुनेछ ।

३५ **लागू हुने कानून:** यो विधानको कुनै प्रावधान प्रचलित नेपाल कानून संग बाझिएमा बाझिएको हदसम्म नेपाल कानून बमोजिम हुनेछ ।

३६. **चल अचल सम्पत्ति:** संघले आफ्नो नाममा चल अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, राख्न वा आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकता अनुसार आफ्नो हक/स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न पाउने छ ।

३७. **सदस्यहरुको हक हितको संरक्षण:** संघले आफ्नो तथा आफ्ना सदस्यहरुको हकहितको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यकता अनुसार प्रचलित कानुनको अधिनमा रही आवश्यक कार्वाही गर्न गराउन सक्ने छ ।

३८. **उजुर नालिस** : संघले कसै उपर उजुर नालिस गर्न र कसैले आफु उपर दावी गरेको नालिस उजुरमा प्रतिरक्षा गर्न सक्ने छ ।

३९. **बाधा अड्काउ फुकाउने अधिकार:** संघको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ ।

## अनुसूची-१

**संघको प्रतिक चिन्ह:** दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध बृत्तमा अंग्रेजी भाषाको ठूलो अक्षरमा Non-Resident Nepali Association लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

**प्रतिक चिन्हको नमुना:** उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNAले गैरआवासीय नेपालीहरु, Non-Resident Nepali Association ले गैरआवासीय नेपाली संघको र दुई अर्ध वृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची - २

**शपथः** म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिबद्धतालाई अभिव्यक्त गर्दछु ।

## अनुसूची-३

**कार्यालयको छाप :** संघको अन्तर्राष्ट्रिय समन्वयपरिषद् र राष्ट्रिय समन्वय परिषद्को कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैरआवासीय नेपाली संघ","Non-Resident Nepali Association" लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA / NCC– (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ ।

**अन्तर्राष्ट्रिय समन्वय परिषद्**

NRNA
Non-Resident Nepali Association

**राष्ट्रिय समन्वय परिषद्**

NRNA
NCC-COUNTRY
Non-Resident Nepali Association

अनुसूची-४

कार्यालयको लेटर हेडको नमूना देहाय बमोजिम हुनेछ :




अनुसुची - ५

संघको परिचय पत्रको नमुना देहाय बमोजिम हुनेछ:



## अनुसुची - ६

### अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या

| पंजीकृत सदस्यको संख्या | अन्तर्राष्ट्रिय महाधिवेशन प्रतनिधिको संख्या |
|---|---|
| १,००० | १०० |
| २,००० | १२५ |
| ३,००० | १३८ |
| ४,००० | १४६ |
| ५,००० | १५२ |
| १०,००० | १७१ |
| १५,००० | १८१ |
| २०,००० | १८९ |
| ३०,००० | १९९ |
| ४०,००० | २०६ |

## अनुसुची - ७

### अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य संख्या

| पंजिकृत सदस्यको संख्या | आईसिसि सदस्यको संख्या |
|---|---|
| ५००० | ५ |
| ७००० | ६ |
| १०,००० | ७ |
| १४,००० | ८ |
| १९,००० | ९ |
| २५,००० | १० |

॥ समाप्त ॥